# सुस्ता गाउँपालिकाका उपाध्यक्ष श्री गीता चौधरीद्धारा सुस्ता गाउँपालिकाको गाउँ सभामा प्रस्तुत गर्नुभएको

## आ.व. २०८२/०८३ को
## बजेट तथा कार्यक्रम

सुस्ता गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८२ आषाढ १० रोज ३ सुभम्

**यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय, गाउँ सभाका सदस्यहरु, पत्रकार महानुभाव, सभाका सचिव तथा उपस्थित सम्पूर्ण महानुभावहरु**

नेपालको संविधानको धारा २३० र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सुस्ता गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित गाउँ सभामा आर्थिक बर्ष ०८२/०८३ को अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु।

यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको जगमा रहेर संविधान तथा क्षेत्रगत कानूनले दिएको अधिकार अन्तर्गत सुस्ता गाउँपालिकाले आज सम्म हाँसिल गरेका उपलब्धिहरुको संस्थागत गर्दै सुशासन र विकासको मार्गमा अगाडी बढ्दै समृद्ध सुस्ता र खुसी सुस्ता वासी बनाउने अपेक्षा र विकासको फड्को मार्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सभाध्यक्ष महोदय,**

नागरिकको जीवनमा परिवर्तनको अनुभुति हुने गरी एवं सीमान्तकृत तथा पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँच पुर्याउने तर्फ यस बजेट तथा कार्यक्रमलाई केन्द्रित गरेको छु।

नेपालको संविधान, सोह्रौ आवधिक योजना, दिगो विकासका लक्ष्य एवं अन्तराष्ट्रिय प्रतिबद्धता, संघिय तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यकम, लुम्बिनी



प्रशासकीय अधिकृत

प्रदेशको आवधिक योजना, सुस्ता गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आ. व. ०८२।८३ को गाउँपालिकाको नीति तथा कार्यक्रम तथा गाउँ सभाका सदस्य एवं सरोकारवालाबाट प्राप्त सुझावलाई मनन् गर्दै आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म सुस्ता गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक वर्षको असार ९ गतेसम्म स्थानीय सञ्चीत कोषमा संघिय समानीकरण अनुदानबाट १० करोड ९१ लाख ९४ हजार ४ सय, संघिय राजश्व बाँडफाँडबाट ७ करोड ९७ लाख १९ हजार १२ सय १, संघिय शसर्त अनुदानवाट १३ करोड ७३ लाख ६५ हजार ५ सय २०, संघिय विशेष अनुदानबाट ६२ लाख ५० हजार, संघिय समपुरक अनुदानबाट ३७ लाख ५० हजार, प्रदेश समानीकरण अनुदानबाट ८१ लाख ५० हजार, प्रदेश शसर्त अनुदानबाट ६७ लाख, प्रदेश बिशेष अनुदानबाट ६ लाख ६० हजार, प्रदेश समपुरक अनुदानबाट ७० लाख, प्रदेश राजश्व बाँडफाँडबाट ५७ लाख ६२ हजार ४ सय ५२ र आन्तरिक स्रोतबाट ४ करोड ५८ लाख ३५ हजार १ सय ६६ जम्मा भएको छ भने गत आर्थिक वर्षको बचत रकम गरी स्थानीय सञ्चित कोषमा जम्मा रु ६५ करोड ३९ लाख ९९ हजार १ सय २८ रकम प्राप्त भएको छ।

चालु आर्थिक वर्षको असार ९ गतेसम्म खर्चतर्फ चालु खर्च रु २० करोड ५६ लाख ८६ हजार ६ सय ६३, पुँजिगत खर्च रु ७ करोड ५१ लाख ९९ हजार ६ सय ४२ गरि जम्मा रु रु २८ करोड ८ लाख ८६ हजार ३ सय ६ खर्च भई बाँकी रकम स्थानीय संचित कोषमा रहेको छ।



प्रशासकीय अधिकृत

सुस्ता गाउँपालिकाको आयको प्रमुख स्रोतको रुपमा रहेको सघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा विनियोजन भएको रकम पुर्ण रुपमा प्राप्त नहुँदा पालिकाको सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन हुने कार्यक्रमहरुमा प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

पुंजीगत खर्च लक्ष्य अनुरुप हुन नसकिरहेको अवस्थामा स्रोतसाधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धि मुलक र नतीजामुखी बनाई गाउँपालिकाको समग्र आर्थिक, सामाजिक र पूर्वाधारमा समावेशी, उच्च, दिगो विकास गर्ने चुनौती हाम्रो सामु रहेको छ ।

तथापी सुस्ता गाउँपालिका क्षेत्रभित्रको नारायणीनदीबाट नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी आन्तरिक राजस्वमा बृद्धी गरिएको, पर्यटकीय पूर्बाधारको विकास भएको, प्रसस्त रुपमा रहेको खेतियोग्य जमिन र पशुपालनको बृद्धी, दक्ष तथा अदक्ष जनशक्तिको प्रचुर उपलब्धता र गाउँपालिकाको संस्थागत क्षमता वृद्धि हुदै गएकोले आगामी दिनमा तिब्र एवं सकारात्मक प्रगति हुने अपेक्षा गर्न सकिने अवस्था सिर्जना गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लिखित चुनौती र अवसरलाई मनन गर्दै रोजगारीका अवसर बढाई आर्थिक तथा सामाजिक पुर्वाधार विस्तार गरी जनताको सम्वृद्धीको सपना साकार पार्नु हाम्रो गन्तव्य हो । उक्त दिशामा अघि बढ्न आर्थिक बर्ष २०८२।०८३ को बजेटका उद्देश्यहरु निम्न रहेका छन ।

क) गाउँपालिकाको समग्र आर्थिक क्षेत्र चलायमान बनाउँदै उच्च दिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिने,

ख) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच माफर्त मानव विकासमा जोड दिने,

ग) भौतिक पुर्वाधारको परिमाणत्मक तथा गुणात्मक वृद्धि गर्ने,

घ) स्थानीय श्रम, सीप र उद्यमसिलता प्रवर्द्धन गर्दै व्यवसायीक कृषी तथा पशुपालन, स्वरोजगारमुलक उद्यम मार्फत आत्मनिर्भतामुलक बनाउने,

ङ) पर्यटन क्षेत्रको प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने,

(च) सेवा प्रवाहलाई प्रविधि मैत्री, सरलीकृत र छिटो छरितो बनाउने ।

(छ) समग्र आर्थिक तथा सामाजिक विकास गरी **"समृद्ध सुस्ता, सुखी सुस्ताबासी"** भन्ने अभियानलाई पुर्णता प्रदान गर्नु ।

**सभाध्यक्ष महोदय,**

नेपाल सरकारले प्रत्याभुत गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, सुस्ता गाउँपालिकाको नीतिको कार्यान्वयन गर्न, योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता, अपेक्षा र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रम हरुलाई निम्न बमोजिम प्राथमिकता निर्धारण गरेको छु ।

(क) गुणस्तरीय, निःशुल्क एवम् सर्वसुलभ आधारभुत तथा माध्यमिक शिक्षा,

(ख) सरल, सहज, सुरक्षित, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा,

(ग) कृषि तथा पशुपालन व्यवसायलाई प्रविधि मैत्री, व्यवसायीक एवं मर्यादित र आकर्षित बनाउँदै रोजगारी एवं स्वरोजगारीका अवसरको रुपमा विकास गर्ने,

(घ) गुणस्तरीय तथा दिगो पुर्वाधार विकास,

(ङ) पर्यटकीय पूर्बाधारको विकास,

(च) सेवा प्रवाह, संस्थागत विकास र सुशासन,

(छ) लैगिंक समानता, सामाजिक समावेशीकरण,

(ज) विपद व्यवस्थापन तथा वातावरण संरक्षण,

(झ) सांस्कृतिक संरक्षण, सामाजिक सदभाव एवं शान्तिपूर्ण समाज निर्माण ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्नानुसार नीतिगत विषय वस्तुहरुलाई आधारको रुपमा लिईएको छ ।

(क) आर्थिक वर्ष २०८२।०८३ को लागी तय गरीएको नीति तथा कार्यक्रम,

(ख) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

(ग) नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,

(घ) संघीय सरकार, प्रदेश सरकार र सुस्ता गाउँपालिकाको आवधिक योजना राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता र दिगो विकासका लक्ष्यहरु,

(ङ) सुस्ता गाउँपालिकाका समस्या एवं सम्भावनाका क्षेत्रहरु,

(च) स्थानीय निर्वाचनका क्रममा आम जनतासमक्ष गरिएका प्रतिवद्धताहरु,

(छ) स्थानीय सरकार सञ्चालन ऐन लगायत सम्बन्धित क्षेत्रगत ऐन कानूनहरु ।

**सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

(क) दुध तथा दुग्ध जन्य उत्पादन वृद्धि गर्न फर्म तथा किसान लाई प्रोत्साहन गर्न गाई भैंसी फर्म तथा किसानलाई सुत्केरी पोषण कार्यक्रम मार्फत दूधमा आत्मनिर्भर बनाउन गाइभैसी सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु । बेरोजगार युवाहरुलाई कृषि तथा पशुपालन ब्यवसाय संचालनको लागि युवा तथा पशुपालन सम्बन्धि तालिमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

(ख) नश्ल सुधार कार्यक्रममार्फत उन्नत जातका गाई भैसी उत्पादन गर्न आवश्यक रकम विनियोजन गरेको छु । बाच्छी जन्माउने बीजलाई नमुनाका रुपमा अभ्यासमा ल्याउन बजेट बिनीयोजन गरेको छु ।

(ग) पशु चौपायामा हुने आकस्मिक रोगहरु, खोरेत, थुनेलो, लम्पी स्कीन लगायतका रोगको निदानका लागि पशु भ्याक्सिन, कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

(घ) कृषि उत्पादन वृद्धि गर्न र उत्पादित कृषि उपजलाई उचीत भण्डारण तथा बजारको ब्यवस्था गर्न प्रदेश सरकार तथा स्थानीय सरकारको सहकार्यमा सुस्ता ४ नर्सहीमा निर्मित शित भण्डार सञ्चालनका लागी आलु तथा प्याज मिसन कार्यक्रम र व्यवसायिक कृषकहरुले उत्पादन गरेका कृषिजन्य

उपजहरुलाई शितभण्डारमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ङ) कृषि पेशालाई ब्यवसायिकरण गर्नको लागि लागत सहभागिता र अनुदानमा विउ विजन तथा यान्त्रिकरणको लागि बजेट विनियोजन गरेको छु ।

च)**कृषकसँग प्राविधिक** कार्यक्रम अन्तरगत कृषि तथा पशुसेवा प्राविधिकहरुले घरदैलोमा गई सेवा दिने कार्य लाई निरन्तरता दिएको छु ।

(छ) हरियाली सुस्ताका लागी खाली सार्वजनिक क्षेत्र, मन्दिर, विद्यालयमा बृक्षारोपण कार्यक्रम, फलफुल विरुवा वितरण कार्यक्रम, नर्सरी व्यवस्थापन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

(ज) कृषिका लागि माटोको गुणस्तर सुधारका लागी माटो परिक्षण कार्यक्रम, गड्यौला मल उत्पादन कार्यक्रम, प्राङगरीक मल व्यवस्थापन तालिममा बजेट विनियोजन गरेको छु ।

**समग्र कृषि तथा पशु विकास कार्यक्रमको लागि रु १ करोड ७५ लाख रकम विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

गाउँपालिका भित्र सञ्चालित सहकारीहरुको नियमन तथा सहकारीहरुको क्षमता विकास गर्नका लागि आवश्यक वजेट विनियोजन गरेको छु । समस्या देखिएका सहकारीहरुको अध्ययनका लागि विज्ञ समूह गठन गर्ने व्यवस्था गरेको छु । **सहकारी क्षेत्रको विकास र प्रर्बद्धन गर्ने कार्यको लागि ५ लाख बजेट विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

उद्योग तथा वाणिज्यलाई प्रोत्साहन गर्न, हाटबजार ब्यस्थापन गर्न, साना लघु उद्यमीहरुलाई सिप तथा प्रविधि हस्तान्तरण गरी परम्परागत सिप र प्रविधिको संरक्षण गर्न, युवा उद्यमी सिर्जना गर्न आवश्यक कार्यक्रम ल्याएको छु । **उद्योग तथा वाणिज्य तर्फ रु. २७ लाख५० हजार रकम विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

(क) ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । सुस्ता क्षेत्र र सो सँग सम्बन्धित सर्किटहरुको अध्ययन र अनुसन्धान

सुस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुडिया, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

प्रशासकीय अधिकृत

गरी ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक मूल्यहरुको पहिचान संरक्षण र विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

(ग) धार्मिक तथा पर्यटकिय हिसावले महत्वपूर्ण सुस्ता, चुहाडी, अनोमाघाट, बालपुरी, जोगियाभार जस्ता क्षेत्रहरुको संरक्षण र प्रर्वद्धनलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

(घ) ऐतिहासिक मदारबाबा मेलाको आयोजना, संचालन र प्रर्वद्धन, आदिवासी जनजाती महोत्सव, माघी मेला, अन्तराष्ट्रिय महिला दिवस, जातिय विभेद उन्मुलन दिवस, बाल दिवस जस्ता विशेष महत्वका कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।

**पर्यटन क्षेत्रका उल्लेखित कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटविनियोजन गरिएको छ ।**

**सभाध्यक्ष महोदय,**
**पुर्वाधार विकास तर्फ**

(क) महलबारी, कुडिया, नर्सही, पकलिहवा सम्म गाउँपालिकाका ५ वटै वडा जोड्ने गौरवको योजनाको रुपमा रहेको अध्यक्ष नमुना सडकको रुपमा विकास गर्न संघीय सरकारको समपुरक अनुदान र गा.पा.को लगानीमा निर्माण कार्य लाई निरन्तरता दिनको लागि रु १ करोड ७४ लाखबजेटको ब्यवस्था गरेको छु ।

ख) **"जनतालाई हाम्रो भर, विपन्नलाई सुरक्षित घर"** भन्ने अभियानलाई साकार पार्दै आर्थिक रुपले विपन्न, दलित तथा सिमान्तकृत समुदायको अधुरो आवास निर्माणको लागि संघिय सरकारको सहयोगमा**रु ६९ लाख** रकम सुनिश्चित गरेको छु ।

ग) सुस्ता गाउँपालिकाका नागरिकहरुलाई विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन उच्च प्रार्थमिका दिंदै सुस्ता अस्पताल भवन निर्माणका लागि पालिकाबाट **रु २ करोड** बजेट विनियोजन गरेको छु ।

घ) गाउँपालिकाभित्र आन्तरिक पर्यटकको आगमन वृद्धि गर्न तथा थारु समुदायको कला, संस्कृति, साहित्य संरक्षण गर्न निर्माणाधीन थारु संग्रहालय सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ) सुस्तागाउँपालिका लाई पर्यटकीय गन्तव्यको रुपमा चिनाउन निर्माणाधीन सुस्ता ताललाई सम्पन्न गर्न **रु १ करोड**बजेट विनियोजन गरेको छु । साथै सुस्ता ताल, अनुमाघाट र नेपालकै सबैभन्दा लामो झोलुङ्गे पुललाई सर्किटको रुपमा जोडि पर्यटन प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

च) गाउँपालिका भित्रका अधुरा योजनाहरुलाई उच्च प्राथमिकतामा राखिएको छ । सडक निर्माण तथा मर्मत, वडास्तरीय योजनाहरु, गाउँपालिकाको दीर्घकालिन महत्व बोकेका योजना तथा पूर्वाधार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

समग्र योजना तथा पूर्वाधार विकास तर्फ **रु १९ करोड १० लाख १५ हजार** रकम विनियोजन गरेको छु ।

**सामाजिक क्षेत्र**

**खानेपानी तथा सरसफाई**

(क) गाउँपालिकाका सम्पूर्ण गाउँबासीहरुलाई सफा र सुरक्षित खानेपानीको व्यवस्था मिलाउन **"एक घर एक धारा"** कार्यक्रम बाट गाउँबासीलाई सुरक्षित खानेपानी उपलब्ध गराउने गरी प्राथमिकताकासाथ कार्य अगाडि बढाउन प्रदेश सँग समुचित समन्वय गरिनेछ ।

(ख) **"सफा घर, टोल र शहर बनाउने अभियान"** लाई सार्थक बनाउन फोहोर मैलाको अल्पकालिन तथा दिर्घकालिन व्यवस्थापनको शुरुवात गर्दै लैजान आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(ग) खानेपानी तथा सरसफाई संस्थाको क्षमता विकास गरी सफा, शुद्ध र स्वच्छ खानेपानीको पहुँच बढाउनका लागि आर्सेनिक परीक्षण गर्न वजेट विनियोजन गरेको छु ।

(घ) वडाहरुको सामाजिक, आर्थिक र रचनात्मक कार्यमा सहयोग पूर्याउन तथा जनतामा चेतनाको स्तर बढाउन हरेक टोलमा टोल विकास संस्था गठन गरी परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**खानेपानी तथा सरसफाई क्षेत्रको सवै कार्यक्रमका लागि रु ३३ लाख विनियोजन गरिएको छ**

**सभाध्यक्ष महोदय,**

**शिक्षा**

(क) सामुदायिक विद्यालयमा कार्यरत वालविकास सहजकर्ता, लेखापाल र कार्यालय सहयोगी लाई गाउँपालिकाबाट दिदैं आएको थप तलब भत्ता लाई निरन्तरता दिइएको छ । यसका लागी **रु ७७ लाख** विनियोजन गरेको छु ।

(ख) सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गर्न **नमुना विद्यालय कार्यक्रम** संचालनका लागि **रु ३० लाख**रकम विनियोजन गरेको छु ।

(ग) विद्यालयलाई सूचना प्रविधी मैत्री बनाउन कम्प्युटर नभएका विद्यालय हरुलाई कम्प्युटर तथा प्रिन्टर व्यवस्थापनका लागि **रु १० लाख** वजेट विनियोजन गरेको छु ।

घ) सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्न विद्यार्थी अनुपातमा शिक्षक नपुगेका विद्यालयलाई आवश्यक शिक्षक उपलब्ध गराउनको लागी निरन्तरता दिन **रु १ करोड ३ लाख** विनियोजन गरेको छु ।

ङ) विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्न विज्ञान कला सम्बन्धी प्रर्दशनी मेला कार्यक्रम संचालन गर्न रु ७ लाख वजेट विनियोजन गरेको छु ।

च)विद्यालयका प्रधानध्यापक, शिक्षक, कर्मचारीहरु, व्यवस्थापन समिति हरुको क्षमता विकास कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

छ)बालविकास कक्षा व्यवस्थापन गरी सामुदायिक विद्यालयमा प्रवेश गर्ने बालबालिकालाई आकर्षण गर्न विभिन्न कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ज) सिकाइलाई प्रबिधिमैत्री बनाई शिक्षाको गुणस्तर सुधार गर्न पाठयक्रममा आधारित डिजिटल कक्षा संचालनका लागि रु ८ लाख बजेट बिनियोजन गरेको छु ।

झ) विषय विज्ञद्धारा शिक्षकको कक्षा अनुगमन गरी शिक्षण प्रकृयालाई सुधार गर्न पृष्ठपोषणका लागि बजेट विनियोजन गरेको छु ।

ञ) विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि रु ४२ लाख बजेट विनियोजन गरेको छु ।

**समग्र सामुदायिक विद्यालयहरुको पुर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ७ लाख विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

**स्वास्थ्य**

(क) नर्सहीतथा पकलिहवा बर्थिङ्ग सेन्टरमा सञ्चालित २४ घण्टे प्रसुति सेवालाई सुदृढिकरण गर्न, आवश्यक बजेट विनियोजन गरिएको छ ।

(ख) स्वास्थ्य विमा, सुरक्षित गर्भपतन, मुटुरोग, क्यान्सर, मधुमेह, रक्तचाप र क्षयरोग जस्ता रोगहरुको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । जसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ग) **जेष्ठ नागरिक संग स्वास्थ्यकर्मी** कार्यक्रम अन्तरगत ७० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई घरदैलोमै पुगी ४ पटक आधारभुत स्वास्थ्य जाँच गर्ने तथा स्वास्थ्य परामर्श प्रदान गर्न बजेट ब्यवस्था मिलाएको छु ।

घ) महिला स्वास्थ्य स्वयं सेविकाहरुको योगदानको उच्च सम्मान गर्दै अनिवार्य अवकास हुँदा २ लाख पुर्याउन गाउँपालिकाबाट प्रोत्साहन स्वरुप रु १ लाख ३० हजार रुपैया उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिएको छु ।

ङ) विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा प्रदान गर्न, थारु जातिमा देखिने सिकलसेल रोग पहिचान गर्न, महिलाको पाठेघरको निशुल्क जाँच गर्न, तथा अन्य रोगहरु सम्वन्धी स्वास्थ्य सेवा प्रदान गर्न, विभिन्न शिविर तथा स्वास्थ्य जाँच कार्यक्रमका लागि प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । सुस्ता गाउँपालिकामा स्वास्थ्य सम्बन्धी मुख्य समस्याको रुपमा देखिएको मोतिया विन्दुको निशुल्क अप्रेशनको व्यवस्था गर्न डा. निता कंडेल आँखा अस्पतालसँगको समन्वयका लागि रु ५ लाख बजेट बिनीयोजन गरेको छु ।

च)गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा आधारभूत औषधिहरुको आपूर्ती कम हुन नदिन निशुल्क वितरणका लागि औषधि खरिद गरी वितरण गर्न बजेट विनियोजन गरेको छु ।

छ)गर्भवती महिलाको गर्भजाँच गर्न, निशुल्क ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान गर्न तथा नवजात शिशुलाई विभिन्न खोप लगाउन  आवश्यक व्यवस्था गरेको छु ।

(ज) **सुत्केरी पोषण कार्यक्रम** अन्तरगत प्रोटोकल अनुसार गर्भ जाच तथा स्वास्थ्य संस्थामा प्रसुति गराउने सुत्केरी महिलाहरुको लागी रु २०००। को दरले पोषण खर्च उपलब्ध गराइनेछ भने उपाध्यक्ष सँग सुत्केरी कार्यकम मार्फत स्वास्थ्य कर्मीसहितको परामर्शका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

झ) गर्भवती महिलाहरुलाई सुत्केरी हुन गाउँपालिकाको एम्बुलेन्स प्रयोग गरि अस्पताल सम्म जांदा एम्बुलेन्स सेवा सहुलियत दरमा हुने ब्यवस्थाका लागि आवश्यक बजेट मिलाएको छु ।

**स्वास्थ्य क्षेत्रका सम्पुर्ण कार्यक्रमहरु कार्यान्वयन गर्न रु.१ करोड ३५ लाख ६० हजार विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

**युवा तथा खेलकूद**

(क)स्वास्थ्यका लागि खेलकुद, राष्ट्रिय एकताका लागि खेलकुद अभियानलाई मुर्तता प्रदान गर्न खेलमैदान सुदृढिकरण, वडास्तरीय खेलकुद कार्यक्रम, खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

(ख) गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठनका लागि कार्यविधि स्वीकृत भएको हुँदा सो अनुरुप समिति गठन कार्यलाई पुर्णता दिईने छ ।

ग) विद्यालय स्तरबाटै खेलकुदको विकाश गर्न राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय स्तरका खेलकुदलाई आवश्यक बजेटको व्यवस्था गरीएको छ ।

**युवा तथा खेलकूदका सम्पूर्ण कार्यक्रमका संचालनको लागि रु.२५ लाख विनियोजन गरिएको छ ।**

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

(क) पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपांग, एकल महिला, बेरोजगार तथा अति पिछ्डिएका र बिपन्न समुदायको रोजगारमूलक सिप विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

(ख) सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई अझ सरलीकृत र प्रभावकारी बनाउन बैंक मार्फत सहज रुपमा भत्ता रकम पाउने व्यवस्था मिलाउन समन्वय मिलाएको छु ।

(ग) छोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य तथा छोरीको भविष्य सुनिश्चितताका लागी गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने बाबु आमाबाट जन्मने नवजातछोरीका लागी रु २५००० बीस बर्षे मुद्धती बचत खातामा रकम जम्मा हुने गरी **छोरीसुनौलो भविष्य कार्यकमलाई निरन्तरता दिइ यसका** लागिआवश्यक रकम विनियोजन गरेको छु ।

घ) **लैङ्गिक हिंसा तथा** बालविवाह मुक्त, अपाङ्गमैत्री तथा बालमैत्री स्थानीय शासन निर्माण तथा कार्यान्वयका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

ङ) दाईजो प्रथा, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण र लागुपदार्थ दुर्व्यसनी सम्वन्धी सचेतनामूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

च)अपाङ्गता भएका व्यक्तिहरु र यौनिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क संकलनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका कार्यक्रम सञ्चालन गर्न रु. १ करोड २५ लाख विनियोजन गरिएको छ ।**

**विपद् व्यवस्थापन**

(क) **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं" भन्ने** अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ । उद्धार, राहत तथा पुर्नस्थापना जस्ता कार्यकमका लागी विपद् व्यवस्थापन कोषमा रु ५५ लाख बजेट व्यवस्था मिलाएको छु ।

ख) स्थानीय आकस्मिक कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना गरी यसमार्फत विपद् पुर्वतयारी प्रतिकार्य र राहत वितरण कार्यको लागी आवश्यक बजेट व्यवस्था गरीएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

ग) गाउँपालिकामा आगलागीबाट हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्न बर्दघाट नगरपालिकासँग समन्वय गरी दमकल संचालन गर्न बजेट विनियोजन गरेको छु ।

**सिंचाई तथा नदी नियन्त्रण**

(क) सिंगाहा, रायपुरा, शिरखोला लगायतका खोलाहरुमा गण्डक सिचाई डिभिजन कार्यालय, प्रदेश सरकारसँग समन्वय गरी तटबन्ध निर्माण कार्य गर्न आवश्यक पहल गरिने छ ।

(ख) नारायणी नदी नियन्त्रणको लागि संघिय सरकार, प्रदेश सरकार तथा भारत सरकारको सहयोग र समन्वयमा आवश्यक कार्य गर्ने ब्यवस्था मिलाएको छु ।

**वन तथा वातावरण**

(क) हरियाली सुस्ता अभियानलाई पूर्णता दिन यस क्षेत्रमा रहेका सार्वजनिक स्थल, नदि किनारहरु, स्थान अनुकूलका वृक्षारोपण गरिनेछ । टोल विकास संस्था, स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न र वृक्षारोपण गरिएका बोट विरुवाहरु कटान हुन नदिन, निकासी तथा ओसारपसार रोक्न प्रभावकारी अनुगमन प्रणालीको विकास गरिनेछ ।

(ख) गाउँपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइनेछ ।

ग)सुस्ता गाउँपालिका भित्र रहेका सामुदायिक बनका समितिहरुको क्षमता विकास गरी सामुदायिक बनलाई आयआर्जन गर्न बजेट विनियोजन गरेको छु ।

**वन वातावरण, नदी नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि को लागि रु ३२ लाख बजेट विनियोजन गरिएको छ ।**

**सभाध्यक्ष महोदय,**

**सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

(क) गाउँबासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान

गर्ने व्यवस्था मिलाईएको छ सोको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(ख) गाउँपालिकाका तथा सवै वडा कार्यालयहरुमा उच्च क्षमताको इन्टरनेट जडान गरी केन्द्रसंग नेटवर्किङ गरिनेछ गरीने कार्यलाई थप ब्यवस्थित गरीने छ जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(ग) पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गर्न कार्यालयमा, वडामा तथा सामुदायीक विद्यालयमा सि सि क्यामरा जडान गरी गाउँपालिका कार्यालयसँग आवद्ध गरिएको छ । जसले गर्दा कार्यालयको सेवामा पारदर्शिता, नियमितता र जवाफदेहितामा टेवा पुग्ने अपेक्षा लिएको छु ।

(घ) गाउँपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण गर्ने कार्य गरि गाउँपालिकाको दरबन्दी मिलान गरिनेछ भने कर्मचारीको वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई व्यवस्थित बनाइनेछ ।

(ङ) गाउँपालिकाका स्थायी रुपमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको महगीं भत्ता संघिय सरकारले निर्धारण गरे अनुसार कायम गरिएको छ ।

(च) स्थानीय सुरक्षा निकायसँग समन्वय गरी पालिकामा शान्ति तथा सुव्यवस्था कायम गर्न गाउँपालिकाका विभिन्न सार्वजनिक स्थानमा सी सी क्यामरा जडान कार्य विस्तार तथा मर्मत गर्ने ब्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(छ) स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा प्रदेश कानुन बमोजिम हुने गरी ब्यवस्था मिलाइएको छ ।

(ज) गाउँपालिकाबाट हुने सेवा प्रवाहमा नागरिक सन्तुष्टि सर्वेक्षणका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,नागरिक सर्वेक्षण जस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासको लागि रु १ करोड २६ लाख ७५ हजार विनियोजन गरेको छु ।**

**विविध**

प्रमुख प्रशासकीय अधिकृत

(क) गाउँपालिकाको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्ध रुपमा तालिम दिइनेछ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(ख). राज्यको चौथो अंग संचार जगतको उच्च सम्मान गर्दै यस वर्ष सुस्ता गाउँपालिकामा संचारकर्मी तथा संचार गृहको क्षमता अभिवृद्धिको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

(ग) न्यायिक समितिको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा बनाउनका लागि क्षमता अभिवृद्धि कार्यक्रमका लागि आवश्यक बजेटको ब्यवस्थापन गरेको छु ।

(घ) हरेक वर्ष बाढी तथा डुबान एवं गण्डक नहरका कारण पानीको प्राकृतिक वहाव थुनिदा धेरै धनजनको क्षति हुने गरेको अवस्थालाई मनन गरी खोला सरसफाई, नियन्त्रण, उद्धार तथा राहतका लागी आवश्यक रकम विनियोजन गरेको छु ।

(ङ) श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र गाउँपालिकाबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ । अतः म यसै बजेट बक्तव्यमार्फत सुस्तागाउँपालिकाका समस्त करदाताहरुलाई समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु ।

(च) गाउँपालिकाबासीहरुका विकासका अनगिन्ती चाहनाहरु बीच सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सवै चाहाना र आवश्यकताहरु एकैचोटी सम्बोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । आवश्यकता र चाहनाहरु क्रमिकरुपमा निरन्तर पुरा हुदै जाने विषय भएकोले यस कुरालाई सकारात्मकरुपमा लिनुहुन म सवैमा हार्दिक अनुरोध गर्दछु ।

(ज) बजेट तर्जुमा संगसंगै यसको कार्यान्वयन अर्को महत्वपुर्ण पाटो हो । लक्षित कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा संचालनमा आउन सकेमा मात्र बजेटले

अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सवैमा म हार्दिक अनुरोध गर्दछु ।

(झ) संघिय तथा प्रदेश सरकारका म्याचिङ अन्तर्गतका योजनाका लागि रु १ करोड ६२ लाख विनियोजन गरेको छु ।

(ञ) वडाका आफ्ना स्थानीय आवश्यकता परिपुर्ति हुने गरी वडाले छनौट गरेका योजना तथा कार्यक्रमको कार्यान्वयन गर्नका लागी वडा १ देखि ५ सम्मका वडाका लागी समग्रमा रु ४ करोड ३५ लाख रुपैया विनियोजन गरेको छु ।

**प्रशासनिक तथा कार्यालय सञ्चालन**

गाउँपालिका सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारी तलब र जनप्रतिनिधि सेवा सुविधा एवं प्रशासनिक तथा कार्यालय सञ्चालन लागी जम्मा रु ६ करोड २५ लाख रकम बिनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यु,**

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम बमोजिम सुस्ता गाउँपालिकाबाट सञ्चालित गरिने आयोजना तथा कार्यक्रम र अनिवार्य दायित्व भुक्तानीका लागी स्थानीय सञ्चीत कोषबाट जम्मा रु ५४ करोड ९३ लाख १८ हजार ८ सय २५ विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रु ३२ करोड ८२ लाख ७६ हजार अर्थात ५९.७६ प्रतिशत र पुँजिगततर्फ रु २२ करोड १० लाख ४२ हजार ८ सय २५ अर्थात ४०.२४ प्रतिशत रहने अनुमान गरेको छु ।

आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु १ करोड २१ लाख, स्थानीय राजश्व बाँडफाड(दहत्तर बहत्तर) बाट रु १ करोड ५ लाख, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँफाड रु ११ करोड ७० लाख ४९ हजार ३ सय ८५, बन तथा विद्युत रोयल्टीबाट रु ४० लाख, घर जग्गा रजिष्ट्रेसन बाँडफाडँ भई प्राप्त हुने रकम रु ३० लाखहुने अनुमान गरेको छु ।

प्रशासकीय अधिकृत

त्यस्तै गरी संघिय सरकारबाट वित्तीय समानीकरण अनुदानमा रु १२ करोड ८ लाख, शशर्त अनुदानबाट रु १५ करोड ५० लाख, विशेष अनुदान रु ६९ लाख, समपुरक अनुदान ८७ लाखगरी जम्मा रु २९ करोड १४ लाख र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु ८२ लाख १४ हजार, शशर्त अनुदानबाट रु ७५ लाख, समपुरक अनुदान ७५ लाख गरी जम्मा रु २ करोड ३२ लाख १४ हजार र चालु आर्थिक वर्षको नगद मौज्दातबाट रु ८ करोड ८० लाख ५५ हजार ४ सय ४० परिचालन हुने अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यु ,**

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**राजश्व परिचालनको नीति तथा कार्यक्रम**

**क) स्थानीय तहको** एकल तथा साझा अधिकार क्षेत्र भित्र रहेका राजश्वको दायरा विस्तार गर्ने सम्बन्धमा नियमित रुपमा अध्ययन अनुसन्धान गरी परामर्श उपलब्ध गराउने कार्य शर्त सहित राजश्व परामर्श समितिलाई सक्रिय बनाइनेछ ।

ख) आन्तरिक राजश्व परिचालनलाई अभिवृद्धि गर्न राजश्व परिचालनका संभावित क्षेत्रहरुको बिस्तार गरिएको छ ।

ग) घर जग्गाको कारोबारबाट प्राप्त हुनुपर्ने वास्तविक राजस्वको सुनिश्चितताका लागि यथार्थपरक मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ ।

घ) करदाताहरुको स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गरी सबै सम्भाव्य करदाताहरुलाई करको दायरामा ल्याउन आवश्यक व्यवस्था मिलाईने छ ।

ङ) गाउँपालिकाभित्र नविकरण नगरी संचालनमा रहेका व्यवसायलाई दर्ता गर्न वा नविकरण गर्न अनिवार्य गर्ने व्यवस्था गरेको छु ।

अव म गत आ. व. २०८०/०८१ को यथार्थ २०८१।०८२ को संसोधित आय व्यय र आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय-व्यय बजेट शिर्षकगत र स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु । अनुमानीत आय व्ययको विवरण अनुसुचीमा उल्लेख गरेको छु ।

बजेट सम्बन्धि विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको व्यवहोरा अनुरोध गर्दछु ।

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुड़िया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

मुलुकमा संघीयता लागु भई स्थानीय सरकारले आर्थिक, भौतिक, सामाजिक तवरले फड्को मार्नु पर्ने वर्तमान परिप्रेक्ष्यमा बजेटलाई यथार्थपरक तथा वस्तुपरक बानाउने कोशिस गरेको छु । शिक्षा, कृषि, स्वास्थ्य तथा भौतिक पुर्वाधार मा उल्लेखनीय रुपमा विनियोजन गरिएको यो बजेटबाट समृद्ध सुस्तागाउँपालिकाको निमार्णमा कोशे ढुगां साबित हुने मैले विश्वास लिएको छु । बजेटको पुर्ण कार्यान्वयनबाट जनताले स्थानीय तहमा सरकारको उपस्थितिको अनुभुति हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तावित बजेट तथा कार्यक्रमले सुस्ता गाउँपालिकाले तय गरेको समृद्ध सुस्ता : खुसी सुस्तावासी को सङ्कल्पलाई साकार पार्ने महत्वपुर्ण विश्वास लिएको छु । बजेट तर्जुमाको क्रममा सम्मानित गाउँ सभा समक्ष पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्गदर्शन गर्नु भएकोमा गाउँपालिकाका अध्यक्ष, गाउँसभाका सदस्यहरु, स्रोत निर्धारण तथा बजेट सिमा निर्धारण समितिका सम्पूर्ण सदस्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनितिक दल, राष्ट्रसेवक कर्मचारी नीजी क्षेत्र, नागरीक समाज, आम सञ्चार जगत, करदाता, विकाश साझेदार तथा आम सुस्तावासी प्रति हार्दिक कृतज्ञता एवम् धन्यवाद ज्ञापन गर्दै बजेट तथा कार्यक्रमको कार्यान्वयनमा सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

प्रमुख प्रशासकीय अधिकृत

गिता चौधरी
उपाध्यक्ष